नेपाल सरकार
# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

मितिः २०७६/०५/२४

## प्रेस विज्ञप्ती

### निजामती सेवा दिवस, २०७६ को अवसरमा विविध कार्यक्रमहरु सञ्चालन गरिएको सम्बन्धमा

निजामती सेवा दिवस मूल समारोह समितिको निर्णयानुसार मिति २०७६ भाद्र २२ गते १६ औ निजामती सेवा दिवस भव्यताका साथ सम्पन्न भयो । निजामती सेवा दिवस मूल समारोह समितिका संयोजक एवं नेपाल सरकारका मुख्यसचिव श्री लोकदर्शन रेग्मीको अध्यक्षतामा सिंहदरबार परिसरमा सम्पन्न विशेष कार्यक्रममा माननीय उपप्रधान तथा रक्षामन्त्री श्री ईश्वर पोखरेलज्यूको प्रमुख आतिथ्यता र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री श्री लालबाबु पण्डितज्यूको विशिष्ट आतिथ्यतामा सम्पन्न भएको थियो ।

उक्त कार्यक्रमका प्रमुख अतिथि उपप्रधान तथा रक्षामन्त्री श्री ईश्वर पोखरेलज्यूले समग्र निजामती सेवालाई मार्गदर्शन सहित दिवसको अवसरमा शुभकामना प्रदान गर्नुभयो । साथै निजामती सेवामा देखिएका कमीकमजोरी सुधार गर्दै सरकारको समृद्ध नेपालः सुखी नेपालीको लक्ष्य प्राप्तिका लागि सक्रिय रहि सेवाप्रवाह गर्न निर्देशन दिनुभयो । त्यस्तै कार्यक्रमका विशिष्ट आतिथि माननीय संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री श्री लालबाबु पण्डितले निजामती सेवाले विभिन्न आरोह अवरोह पार गर्दै आएको र जनअपेक्षा बमोजिम निजामती सेवालाई विकास र सुधारका लागि सरकारले आवश्यक कदम अगाडि बढाउने बताउनुभयो र निजामती सेवामा देखिएका विकृतिहरुतर्फ सचेत रहन समेत आग्रह गर्दै शुभकामना समेत व्यक्त गर्नुभयो । यसै गरी निजामती सेवा दिवस मूल समारोह समितिका अध्यक्ष तथा मुख्य सचिव लोकदर्शन रेग्मीले निजामती सेवाले अव्वल रुपमा कार्य गरिरहेको र आगामी दिनमा यो सेवालाई थप उत्प्रेरित गर्दै अगाडि बढ्नुपर्नेमा शुभेक्षा प्रकट गर्नुभयो । सो कार्यक्रममा संघीय मामिला तथा सामान्य मन्त्रालयका सचिव श्री यादव प्रसाद कोइरालाले समग्र निजामती सेवाको वर्तमान अवस्थाको चित्रण सहित स्वागत मन्तव्य राख्नु भएको थियो ।

उक्त कार्यक्रममा आ. व. २०७४।७५ मा पुरस्कृत हुने कर्मचारीहरुलाई सम्मान गरिएको थियो भने निजामती सेवा दिवस, २०७६ को अवसरमा नेपाल सरकारको निर्णय बमोजिम निजामती सेवा पुरस्कार प्राप्त गर्ने ४० जना कर्मचारीहरुको नाम सार्वजनिक गरिएको थियो ।यसैगरी निजामती सेवा दिवसको अवसरमा मूल समारोह समितिको तर्फबाट वृक्षारोपण कार्यक्रम, रक्तदान एवं स्वास्थ्य परीक्षण, खेलकुद प्रतियोगिता लगायतका विविध कार्यक्रम आयोजना गरिएको थियो । त्यसै गरी निजामती सेवा दिवस मूल समारोह समितिको निर्देशानुसार केन्द्रस्तर, प्रदेशस्तर र जिल्लास्तरका कार्यालयहरुले निजामती सेवा दिवसका अवसरमा विभिन्न रचनात्मक कार्यक्रमहरु आयोजना गरेको जानकारी प्राप्त भएको छ । धन्यवाद ।

(भूपाल बराल)
प्रवक्ता

सिंहदरबार, काठमाण्डौं, फोनः ४२००३६७, ४२००३६८, ४२००३६९ फ्याक्सः ४२००२३८
इमेलः info@moga.gov.np वेवः www.moga.gov.np